# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४) वीरेन्द्रनगर, सुर्खेत, फागुन २६ गते, २०७८ साल (अतिरिक्ताङ्क ३०

## भाग-३

## कर्णाली प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

## सूचना

### एकीकृत बस्ती विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७८

**प्रस्तावना:** कर्णाली प्रदेशका छरिएर रहेका बस्तीलाई एकीकृत पूर्वाधारमा आवद्ध गर्न, विपद्को उच्च जोखिममा रहेका, विपद्का कारण घरबास गुमाएका वा पूर्ण क्षति भएका बस्तीलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न र नागरिकको लागि सुरक्षित आवास व्यवस्थापन तथा

आधारभूत सेवा सुविधा वितरणको लागत न्यूनीकरण गर्न एकीकृत बस्ती विकास कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न वाञ्छनीय भएकोले,

विनियोजन अध्यादेश, २०७८ को दफा ९ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

परिच्छेद-१

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "एकीकृत बस्ती विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७८" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "आयोजना" भन्नाले यस कार्यविधि बमोजिम निर्माण हुने एकीकृत बस्ती विकास आयोजना सम्झनु पर्छ।

(ख) "एकीकृत बस्ती" भन्नाले कर्णाली प्रदेशभित्रको कुनै भौगोलिक क्षेत्रमा भौतिक, सामाजिक, आर्थिक एवम् साँस्कृतिक पूर्वाधारलाई समेटी व्यवस्थित रूपमा निर्माण गरिने योजनावद्ध बस्ती सम्झनु पर्छ।

(ग) “कार्यक्रम” भन्नाले एकीकृत बस्ती विकास कार्यक्रम सम्झनु पर्छ।

(घ) “कार्यालय” भन्नाले कर्णाली प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सम्झनु पर्छ।

(ङ) "छरिएर रहेका बस्ती" भन्नाले बसोवास प्रयोजनका लागि व्यवस्थित योजना तथा पूर्वाधार विना निर्मित, भौगोलिक रूपमा विकट र असुरक्षित स्थानमा रहेका, विभिन्न स्थानमा छरिएर रहेका न्यूनतम आवश्यक पूर्वाधार र सेवा सुविधा पुऱ्याउन कठिन हुने बस्ती सम्झनु पर्छ।

(च) "जोखिमयुक्त बस्ती" भन्नाले दफा ६ बमोजिम पहिचान भएका बस्ती सम्झनु पर्छ।

(छ) "निर्देशक समिति" भन्नाले निर्देशिकाको दफा ९ बमोजिमको निर्देशक समिति सम्झनु पर्छ।

(ज) "निर्देशिका" भन्नाले कर्णाली प्रदेश विशेष कार्यक्रम सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७७ सम्झनु पर्छ।

(झ) "निर्वाचन क्षेत्र" भन्नाले कर्णाली प्रदेशमा रहेका प्रदेश निर्वाचन क्षेत्र सम्झनु पर्छ।

(ञ) "पूर्वाधार" भन्नाले कुनै बस्ती विशेषमा उपलब्ध हुन सक्ने बाटो, ढल, विद्युत जस्ता भौतिक पूर्वाधार, हेल्थपोष्ट, अस्पताल, विद्यालय, सेवा केन्द्र, सामूदायिक भवन, सुरक्षा जस्ता सामाजिक पूर्वाधार, बैंक तथा वित्तीय संस्था, उद्योग, कलकारखाना जस्ता समृद्धि र उन्नतिसँग सम्बन्धित आर्थिक पूर्वाधार तथा स्थानीय मूर्त तथा अमुर्त सम्पदासँग सम्बन्धित साँस्कृतिक पूर्वाधार सम्झनु पर्छ।

(ट) "पूर्वाधार कार्यालय" भन्नाले कर्णाली प्रदेश सरकार, भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय



आन्तरिक मामिला तथा कानून मन्त्रालय

अन्तर्गतको पूर्वाधार विकास कार्यालय सम्झनु पर्छ र सो शब्दले पूर्वाधार विकास निर्देशनालयलाई समेत जनाउँछ।

(ठ) "लाभग्राही" भन्नाले दफा ७ बमोजिम छनौट भएका लाभग्राही घरपरिवार सम्झनु पर्छ।

(ड) "समन्वय समिति" भन्नाले दफा २५ बमोजिमको कार्यक्रम कार्यान्वयन समन्वय समिति सम्झनु पर्छ।

(ढ) "स्थानीय तह" भन्नाले कर्णाली प्रदेशमा रहेका नगरपालिका वा गाउँपालिका सम्झनु पर्छ।

परिच्छेद-२

## एकीकृत बस्ती विकास, जोखिमयुक्त बस्ती तथा लाभग्राही पहिचान

३. **एकीकृत बस्ती विकासः** (१) भौगोलिक रूपमा विकट, छरिएर रहेको, सार्वजनिक सेवा सुविधा पुऱ्याउन र प्राप्त गर्न कठिन, अपायक र विपद्को उच्च जोखिममा रहेको, विपद्को कारण क्षति पुगी सुरक्षित स्थानमा स्थानान्तरण गर्नु पर्ने बस्तीको पहिचान गरी एकीकृत बस्ती विकास गरिनेछ।

(२) उपदफा (१) बमोजिमको एकीकृत बस्ती विकास गर्दा सम्बन्धित स्थानीय तहले जोखिमयुक्त बस्ती तथा लाभग्राहीको पहिचान गरी समन्वय समितिको सिफारिस सहित प्रस्ताव गरेको आयोजना निर्देशक समितिले छनौट गर्नेछ।

४. **जग्गा व्यवस्थापनः** (१) एकीकृत बस्ती विकासका लागि आवश्यक पर्ने सुरक्षित र विवाद रहित जग्गाको व्यवस्था सम्बन्धित स्थानीय तहले गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम जग्गा व्यवस्था गर्दा सडक, खानेपानी, ढल निकास, विद्युत, स्वास्थ्य संस्था, विद्यालय लगायतका आधारभूत पूर्वाधार विकास गर्न सहज हुने जग्गा छनौट गर्नु पर्नेछ।

५. **<u>बस्ती विकास योजनाः</u>** (१) दफा ४ बमोजिमको जग्गामा सम्बन्धित स्थानीय तहले बस्ती विकासका लागि आवश्यक पर्ने घडेरी विकास, सडक सञ्जाल, खुला स्थान, विद्युत, खानेपानी, टेलिफोन, पार्क लगायतका बस्ती विकासका लागि आवश्यक पर्ने सुविधा सहितको बस्ती विकासको योजना तर्जुमा गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम एकीकृत बस्ती विकास योजना तर्जुमा गर्दा सम्भव भएसम्म गैरकृषि वा व्यावसायिक कृषिमा रोजगारी सृजना हुन सक्ने अवस्थालाई ध्यान दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको बस्ती विकास योजना बमोजिम बस्ती विकास हुने भएमा निर्देशक समितिबाट स्वीकृत गराई कार्यान्वयन गर्नु पर्नेछ।

६. **<u>जोखिमयुक्त बस्तीको पहिचानः</u>** (१) आयोजना कार्यान्वयनका लागि जोखिमयुक्त बस्ती तथा लाभग्राही समुदायको पहिचान सम्बन्धित स्थानीय तहले जिल्ला विपद् व्यवस्थापन समितिको सिफारिस समेतका आधारमा गर्नेछ।

(२) उपदफा (१) बमोजिमको जोखिमयुक्त बस्ती तथा लाभग्राही समुदायको पहिचान गर्दा देहायका आधारमा गर्नु पर्नेछः-

(क) विपदको उच्च जोखिम तथा असुरक्षित स्थानमा रहेको बस्ती,

(ख) भौगोलिक विकटता तथा दुर्गमताका कारण सेवा सुविधा पुऱ्याउन र प्राप्त गर्न असहज, अपायक वा कठिन हुने विकट तथा छरिएर रहेका बस्ती तथा समुदाय,

(ग) विपद् घटनाका कारण घरबास गुमाएका वा पूर्ण क्षति भएका बस्ती वा समुदाय,

(घ) विपद् जोखिम नक्शाङ्कन,

(ङ) एकीकृत बस्ती विकासका लागि तयार गरिएको विस्तृत आयोजना प्रतिवेदन,

(च) जिल्ला विपद् व्यवस्थापन समितिको सिफारिस तथा निर्णय।

७. **लाभग्राहीको पहिचान तथा छनौटः** (१) सम्बन्धित स्थानीय तहले दफा ६ बमोजिम पहिचान गरेको जोखिमयुक्त बस्ती, स्थान तथा समुदायमा रहेका घरपरिवार मध्येबाट बस्ती विकासका लागि लाभग्राहीको पहिचान तथा छनौट गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम लाभग्राहीको पहिचान तथा छनौट गर्दा देहायको आधारमा गर्नु पर्नेछः-

(क) जोखिमयुक्त स्थानमा बसोबास गरिरहेको व्यहोरा खुल्ने सिफारिस,

(ख) घर जग्गा नभएको वा विपदको उच्च जोखिममा रहेको व्यहोरा खुल्ने गरी वडाले गरेको सिफारिस,

(ग) विपद् घटनाका कारण घरबास गुमाएको वा पूर्ण क्षति भएको जिल्ला विपद् व्यवस्थापन समितिको अभिलेख वा निर्णय वा सिफारिस,

(घ) लाभग्राही बसोबास गर्दै आएको घरको हालको अवस्थाको स्थलगत निरीक्षण प्रतिवेदन,

(ङ) एकीकृत बस्ती विकास सम्बन्धी विस्तृत अध्ययन प्रतिवेदनमा पहिचान गरिएका लाभग्राही।

(३) उपदफा (२) बमोजिम लाभग्राही परिवार छनौट गर्दा विपदको उच्च जोखिम, बाढी पीडित, सुकुम्बासी, दलित, सीमान्तकृत र छरिएर बसोबास गरेको क्षेत्रलाई पहिलो प्राथमिकता दिई लाभग्राही छनौट गर्नु पर्नेछ।

(४) सगोलमा रहेका एक घरपरिवारको लागि एक आवास मात्र उपलब्ध हुने गरी लाभग्राही छनौट तथा बस्ती विकास गर्नु पर्नेछ।

(५) उपदफा (२), (३) र (४) बमोजिमका आधारमा स्थानीय तहको कार्यपालिकाबाट निर्णय गरी लाभग्राहीको पहिचान तथा छनौट गर्नु पर्नेछ ।

(६) समन्वय समितिले कुनै विवाद नभएको सामान्य अवस्थामा सम्बन्धित स्थानीय तहबाट पहिचान तथा छनौट भएका लाभग्राहीलाई बस्ती विकासका लागि निर्देशक समितिमा सिफारिस गर्नु पर्नेछ।

परिच्छेद-३

**<u>आयोजना छनौट र कार्यान्वयन</u>**

८. **<u>आयोजना प्रस्तावः</u>** (१) दफा ६ र ८ बमोजिम पहिचान भएको जोखिमयुक्त बस्ती तथा लाभग्राहीको लागि एकीकृत बस्ती विकास

गर्न सम्बन्धित स्थानीय तहले भाद्र मसान्तभित्र देहायका कागजात सहितको आयोजना प्रस्ताव समन्वय समितिमा पेश गर्नु पर्नेछ:-

(क) अनुसूची-१ बमोजिमको आयोजना प्रस्ताव,

(ख) जोखिमयुक्त बस्ती तथा लाभग्राहीको छनौट, आयोजना कार्यान्वयनका लागि जग्गा र आयोजना कार्यान्वयन गर्ने सम्बन्धी स्थानीय तहको कार्यपालिकाले गरेको निर्णयको प्रमाणित प्रतिलिपि,

(ग) लाभग्राही परिवारको विवरण।

(२) उपदफा (१) बमोजिम प्राप्त आयोजना प्रस्तावको विश्लेषण गरी असोज मसान्तभित्र समन्वय समितिले आयोजनाको अन्तिम छनौट तथा स्वीकृतिका लागि निर्देशक समितिमा पठाउनु पर्नेछ।

९. **<u>आयोजनाको छनौटः</u>** (१) दफा ८ को उपदफा (२) बमोजिम समन्वय समितिको सिफारिस, भौगोलिक अवस्थिति, सडक, खानेपानी लगायतको पूर्वाधारको अवस्था, जनताको तत्कालीन आवश्यकता, विपद्को जोखिमको अवस्था समेतको आधारमा आयोजनाको अन्तिम छनौट निर्देशक समितिले गर्नेछ।

(२) उपदफा (१) बमोजिम आयोजना छनौट गर्दा विपद्को उच्च जोखिम, विपद् पीडित र छरिएर बसोबास गरेको बस्तीलाई प्राथमिकता दिई छनौट गर्नु पर्नेछ।

१०. **<u>आयोजनाको कार्यान्वयनः</u>** (१) दफा ९ बमोजिम स्वीकृत आयोजनाको कार्यान्वयन सम्बन्धित स्थानीय तहबाट हुनेछ।

(२) सम्बन्धित स्थानीय तहले स्वीकृत आयोजना बमोजिमको आवास, सडक, खानेपानी, ढल निकास, विद्युत, स्वास्थ्य संस्था, विद्यालय लगायतका आधारभूत पूर्वाधारको निर्माण गर्नु पर्नेछ।

११. **द्रुतमार्गवाट बस्ती विकास गर्न सकिने:** बाढी, पहिरो, भुकम्प, आगलागी जस्ता विपद्का कारण घरबास गुमाएका वा पूर्ण क्षति भएको बस्ती तत्काल स्थानान्तरण गर्नु पर्ने अवस्थामा सम्बन्धित स्थानीय तह र जिल्ला विपद् व्यवस्थापन समितिको सिफारिसको आधारमा निर्देशक समितिले तोकेको स्थानमा विपद् पीडित समुदायका लागि द्रुतमार्गबाट एकीकृत बस्ती विकास गर्न सकिनेछ।

१२. **प्राविधिक सहायता उपलब्ध गराउनु पर्ने:** आयोजना कार्यान्वयनलाई प्रभावकारी र व्यवस्थित बनाउन आयोजना कार्यान्वयन गर्ने स्थानीय तहले सम्बन्धित जिल्लाको पूर्वाधार कार्यालयसँग प्राविधिक सहायता माग गर्न सक्नेछ। त्यसरी माग गरेमा पूर्वाधार कार्यालयले प्राविधिक सहायता उपलब्ध गराउनु पर्नेछ।

१३. **बजेट सम्बन्धी व्यवस्था:** (१) कार्यक्रमको लागि मुख्यमन्त्री रोजगार कार्यक्रम र सहुलियत कर्जाका लागि व्याज अनुदान कार्यक्रम बजेट उपशीर्षकमा विनियोजित बजेटबाट कार्यालयले आवश्यक बजेट व्यवस्थापन गर्नेछ।

(२) मन्त्रालयमा रहेको एकीकृत बस्ती विकास कार्यक्रम बजेट उपशीर्षकमा विनियोजित बजेट कार्यालयले एकीकृत गरी कार्यान्वयन गर्न सक्नेछ।

(३) निर्देशक समिति र समन्वय समितिको बैठक तथा अनुगमन खर्चका लागि आवश्यक बजेट निर्देशक समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(४) आयोजना कार्यान्वयन गर्ने सम्बन्धित स्थानीय तहको सञ्चालन, व्यवस्थापन तथा अनुगमन कार्यका लागि आयोजनाको लागि विनियोजित रकम मध्येबाट एक प्रतिशत रकम कन्टिन्जेन्सी छुट्याउनु पर्नेछ।

१४. **<u>बजेट उपलब्ध गराउने:</u>** (१) कार्यालयले दफा ९ बमोजिम छनौट भएको आयोजना कार्यान्वयनका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली मार्फत सम्बन्धित स्थानीय तहमा बजेट उपलब्ध गराउनेछ।

(२) उपदफा (१) बमोजिम बजेट उपलब्ध गराउँदा प्रति आवास इकाई निर्माणका लागि देहाय बमोजिम सीमामा कार्यक्रमबाट बजेट उपलब्ध हुनेछः-

(क) हुम्ला, डोल्पा र मुगु जिल्लामा प्रति आवास निर्माण अधिकतम छ लाख रुपैयाँ,

(ख) जुम्ला, कालिकोट, रुकुम पश्चिम, सल्यान, दैलेख र जाजरकोट जिल्लामा प्रति आवास निर्माण पाँच लाख रुपैयाँ,

(ग) सुर्खेत जिल्लामा प्रति आवास निर्माण चार लाख रुपैयाँ।

(३) आवास संरचना बाहेकका पूर्वाधार निर्माणका लागि सम्बन्धित आयोजनाको विस्तृत आयोजना प्रतिवेदनमा उल्लेख

भएको रकम मध्ये निर्देशक समितिले स्वीकृत गरेको रकम उपलब्ध हुनेछ।

१५. **लागत सहभागिताः** आयोजनाका लाभग्राहीले प्रति आवास इकाईको कुल लागतको कम्तीमा पाँच प्रतिशत बराबरको श्रमदान, नगद वा सामग्री लागत सहभागिता बापत योगदान गर्नु पर्नेछ।

१६. **समझदारी गर्नु पर्नेः** स्थानीय तह मार्फत एकीकृत बस्ती विकास कार्यक्रम कार्यान्वयन गर्नुपूर्व पूर्वाधार कार्यालय र स्थानीय तह बीच अनुसूची-२ बमोजिमको ढाँचामा समझदारी गर्नु पर्नेछ।

१७. **सम्झौता गर्नु पर्नेः** कार्यक्रम कार्यान्वयन गर्ने स्थानीय तह र लाभग्राही बीच अनुसूची-३ बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ।

१८. **निर्माण सम्बन्धी कार्य**ः (१) आयोजनाको निर्माण सम्बन्धी कार्य प्रचलित खरिद सम्बन्धी कानून बमोजिम गर्नु वा गराउनु पर्नेछ।

(२) कार्यक्रम मार्फत निर्माण हुने आवास तथा अन्य पूर्वाधारको नक्सा तथा डिजाइन विस्तृत आयोजना प्रतिवेदनमा उल्लेख भए बमोजिम हुनेछ।

(३) कार्यक्रम मार्फत निर्माण हुने भवन संरचनाको एकरूपता र प्रदेश पहिचान समेत झल्कने गरी निर्देशक समितिले भवन संरचनाको डिजाईन र रङ्गरोगन निर्धारण गर्न सक्नेछ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि लाभग्राहीका निम्ति आवास निर्माण प्रयोजनका लागि तोकेको नमुना आवासको ड्रइङ्ग, डिजाइन, मापदण्ड र लागत अनुमानको

आन्तरिक मामिला तथा कानून मन्त्रालय

अधीनमा रही तोकेको प्राविधिकको सुपरिवेक्षणमा सम्बन्धित लाभग्राही स्वयम्ले आवास निर्माण गर्न सक्नेछ। निर्माण प्रगतिको आधारमा बढीमा तीन किस्तामा सम्बन्धित स्थानीय तहले सम्बन्धित लाभग्राहीको बैङ्क खाता मार्फत प्रचलित कानून बमोजिम रकम भुक्तानी गर्न सक्नेछ।

(५) किस्ताको संरचना र परिमाण तथा भुक्तानी प्रकृया सम्बन्धी अन्य व्यवस्था निर्देशक समितिले निर्धारण गरे बमोजिम हुनेछ।

१९. **अनुगमन तथा मूल्याङ्कनः** (१) आयोजना कार्यान्वयन सम्बन्धमा सम्बन्धित स्थानीय तह, समन्वय समिति, निर्देशक समिति, मन्त्रालय र कार्यालयले अनुगमन तथा मूल्याङ्कन गर्न सक्नेछ।

(२) पूर्वाधार कार्यालयले मासिक रूपमा आयोजना कार्यान्वयनको प्राविधिक अनुगमन, मूल्याङ्कन तथा सुपरीवेक्षण गर्नु पर्नेछ।

२०. **आवास तथा पूर्वाधार हस्तान्तरणः** (१) आयोजना कार्यान्वयन गर्ने स्थानीय तहले प्रचलित कानून बमोजिम आवास इकाई तथा पूर्वाधार निर्माण सम्पन्न गरी लाभग्राहीलाई हस्तान्तरण गर्नेछ।

(२) उपदफा (१) बमोजिम हस्तान्तरणबाट प्राप्त गरेको जग्गा तथा आवास पन्ध्र वर्षसम्म कुनै पनि प्रकारले बिक्री वितरण, धितो, बन्धक तथा हक हस्तान्तरण गर्न पाइने छैन।

२१. **सहयोग गर्नुपर्नेः** प्रदेश सरकारका पूर्वाधार तथा अन्य सेवासँग सम्बन्धित निकाय र स्थानीय तहले कार्यक्रम कार्यान्वयन भएका

क्षेत्रमा सेवा एवम् पूर्वाधार विस्तार तथा विकास गर्दा एकीकृत बस्ती विकास योजना अनुसार सञ्चालन गर्न आवश्यक सहयोग गर्नु पर्नेछ।

२२. **कार्यक्रम कार्यान्वयन भएको मानिने:** एकीकृत बस्ती विकासका लागि आधारभूत पूर्वाधार सहितको आवास निर्माण भई सम्बन्धित प्राविधिकबाट कार्य सम्पन्न प्रतिवेदन प्राप्त भएपछि कार्यक्रम कार्यान्वयन भएको मानिनेछ।

परिच्छेद-४

## समिति सम्बन्धी व्यवस्था

२३. **निर्देशक समितिः** कार्यक्रमको प्रदेशस्तरमा समन्वय तथा नीतिगत मार्गदर्शन निर्देशक समितिले गर्नेछ।

२४. **निर्देशक समितिको काम, कर्तव्य र अधिकारः** निर्देशिकाको दफा १० मा लेखिएको काम, कर्तव्य र अधिकारको अतिरिक्त निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) एकीकृत बस्ती विकासका लागि तयार गरिने आवास लगायतका संरचना निर्माणको सम्बन्धमा एकरुपता कायम गर्न र स्थानीय स्रोत साधनको अधिकतम् उपयोग हुने गरी त्यस्ता संरचनाको निर्माणका सम्बन्धमा ड्रइङ्ग, डिजाइन तथा मोडालिटी, न्यूनतम आधार र मापदण्ड तोक्ने,

(ख) कार्यक्रम कार्यान्वयनसँग सम्बन्धित निकाय तथा सरोकारवाला पक्षबीच समन्वय गर्ने,

(ग) कार्यक्रम लागू भएको स्थानमा आवश्यक पर्ने पूर्वाधार विकासको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने,

(घ) कार्यक्रमको प्रगति समीक्षा गर्ने,

(ङ) कार्यक्रमको अनुगमन गर्ने वा गराउने।

२५. <u>**कार्यक्रम कार्यान्वयन समन्वय समितिः**</u> (१) कार्यक्रम कार्यान्वयनको लागि प्रत्येक जिल्लामा समन्वय र व्यवस्थापन गर्न देहाय बमोजिमको एक कार्यक्रम कार्यान्वयन समन्वय समिति रहनेछः-

(क) सम्बन्धित जिल्लाबाट प्रदेश सभामा प्रतिनिधित्व गर्ने ज्येष्ठ सदस्य -संयोजक

(ख) जिल्ला समन्वय समितिको प्रमुख वा निजले तोकेको सो समितिको सदस्य -सदस्य

(ग) प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको अधिकृत प्रतिनिधि -सदस्य

(घ) कार्यक्रम कार्यान्वयन हुने स्थानीय तहको प्रमुख वा अध्यक्ष -सदस्य

(ङ) प्रमुख, पूर्वाधार कार्यालय -सदस्य-सचिव

(२) समन्वय समितिको सचिवालय पूर्वाधार कार्यालयमा रहनेछ।

(३) समन्वय समितिले आवश्यकता अनुसार बढीमा दुईजना विषय विज्ञ, प्राविधिक वा विषयगत कार्यालयका प्रतिनिधिलाई सो समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(४) समन्वय समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(५) समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

२६. **समन्वय समितिको काम, कर्तव्य र अधिकारः** समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आयोजनाको पहिचान गरी कार्यालयमा सिफारिस गर्ने,

(ख) आफ्नो क्षेत्रभित्र कार्यक्रम कार्यान्वयनको सम्बन्धमा देखा परेका विवादको निरुपण गर्ने र निरुपण हुन नसक्ने विवादको सम्बन्धमा समाधानका लागि कार्यालयमा लेखी पठाउने,

(ग) कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने वा गराउने,

(घ) विषयगत कार्यालय वा स्थानीय तहसँग आवश्यक समन्वय र सहजीकरण गर्ने,

(ङ) कार्यक्रम कार्यान्वयन गरिने स्थान तथा लाभग्राही छनौट सम्बन्धी कार्य गर्ने,

(च) कार्यक्रम कार्यान्वयनको सम्बन्धमा समीक्षा गर्ने।

## परिच्छेद-५

## विविध

२७. **खर्चको लेखाङ्कन, अभिलेख, प्रतिवेदन तथा लेखापरीक्षणः** आयोजना कार्यान्वयनमा भएको खर्चको प्रचलित कानून बमोजिम लेखाङ्कन गर्ने,

फाँटवारी तथा स्रेस्ताको अभिलेख राख्ने, प्रतिवेदन गर्ने तथा लेखापरीक्षण गराउने जिम्मेवारी आयोजना कार्यान्वयन गर्ने सम्बन्धित स्थानीय तहको हुनेछ।

२८. **<u>निर्देशन पालना तथा समन्वयः</u>** (१) निर्देशक समितिले कार्यक्रम कार्यान्वयनको सिलसिलामा दिएको निर्देशन सम्बन्धित कार्यक्रम कार्यान्वयन गर्ने निकाय वा व्यक्तिले पालना गर्नु पर्नेछ।

(२) स्थानीय तहले कार्यक्रम सञ्चालन गर्दा प्रदेश सरकारसँग समन्वय गरी गर्नु पर्नेछ।

२९. **<u>प्राविधिक जनशक्तिः</u>** आयोजनाको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक सङ्ख्यामा जनशक्ति नभएको वा उपयुक्त सेवा वा समूहको जनशक्ति उपलब्ध नभएको अवस्थामा सञ्चालन खर्च (कन्टेन्जेन्सी) मा व्ययभार हुने गरी छोटो समयावधिको लागि सम्बन्धित स्थानीय तहले प्रचलित कानून बमोजिम उपयुक्त प्राविधिक जनशक्ति एकमुष्ठ वा मासिक ज्यालादारी वा सेवा करार गरी लिन सक्नेछ।

३०. **<u>सार्वजनिक सुनुवाईः</u>** स्थानीय तहले कार्यक्रम सम्पन्न भएपछि सार्वजनिक सुनुवाई गरी कार्यक्रमको सम्पूर्ण पक्षको बारेमा सरोकारवालालाई जानकारी गराउनु पर्नेछ।

३१. **<u>कारबाही हुनेः</u>** कार्यक्रमबाट लाभान्वित हुने उद्देश्यले कुनै व्यक्तिले झुट्टा विवरण पेश गरेमा वा त्यस्तो व्यहोरा सिफारिस गरेको ठहर हुन आएमा त्यस्तो कार्यमा संलग्न व्यक्तिलाई प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

३२. **सुविधा नपाउने:** यस कार्यविधि बमोजिम आवास प्राप्त गर्ने लाभग्राहीले प्रदेश सरकारका अन्य कार्यक्रमबाट आवास सुविधा पाउने छैन।

३३. **प्रचलित कानून बमोजिम हुने:** यस कार्यविधिमा लेखिएको विषयमा यसै कार्यविधि बमोजिम र नलेखिएका विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

३४. **बाधा अड्काउ फुकाउन सक्ने:** यस कार्यविधि बमोजिम कार्यक्रम कार्यान्वयन गर्दा कुनै वाधा अड्काउ उत्पन्न भएमा निर्देशक समितिले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

३५. **खारेजी र बचाउ:** (१) एकीकृत बस्ती विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ खारेज गरिएको छ।

(२) एकीकृत बस्ती विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ बमोजिम भए गरेको सम्पूर्ण काम कारबाही यस कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

अनुसूची-१

(दफा ८ को उपदफा (१) को खण्ड (क) सँग सम्बन्धित)

**आयोजना प्रस्तावको ढाँचा**

**१. आयोजना/ कार्यक्रम पेश गर्ने स्थानीय तहको**

(क) नामः

(ख) ठेगानाः

(ग) सम्पर्क नं. र इमेल ठेगानाः

**२. आयोजनाको नामः**

**३. आयोजनाको उद्देश्यः**

**४. आयोजना कार्यान्वयन हुने स्थानः**

**५. लाभग्राहीको परिवार र व्यक्तिको संख्याः**

(क) परिवार संख्याः (ख) जनसंख्याः

**६. आयोजना सम्पन्न गर्न लाग्ने समयः**

**७. लागत रकम रु.**

**८. आयोजना कार्यान्वयनबाट प्राप्त हुने मुख्य उपलब्धी वा प्रतिफलः**

**९. संलग्न कागजातः**

(क) सम्बन्धित स्थानीय तहको एकीकृत बस्ती विकास आयोजना कार्यान्वयन गर्ने सम्बन्धी कार्यपालिकाको निर्णयको प्रमाणित प्रतिलिपि,

(ख) लाभग्राही परिवारको विवरण,

(ग) आयोजना कार्यान्वयन हुने जग्गाको चारकिल्लाको विवरण,

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(घ) आयोजना अन्तर्गत निर्माण हुने आवास लगायतका पूर्वाधार संरचनाको ड्रइङ्ग, डिजाइन, स्पेशिफिकेशन र लागत अनुमान सहितको विस्तृत विवरण,

(ङ) आयोजना कार्यान्वयनको विधि,

(च) आयोजना कार्यान्वयनको प्रारम्भिक वातावरणीय अध्ययन वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन,

| | |
|---|---|
| **स्थानीय तहको,** | **स्थानीय तहको,** |
| **प्रमुख प्रशासकीय अधिकृतको** | **प्रमुख वा अध्यक्षको** |
| **दस्तखतः** | **दस्तखतः** |
| **नामः** | **नामः** |
| **पदः** | **पदः** |
| **मितिः** | **मितिः** |

आन्तरिक मामिला तथा कानून मन्त्रालय

अनुसूची-२

(दफा १६ सँग सम्बन्धित)

## समझदारीपत्रको ढाँचा

एकीकृत बस्ती विकास कार्यक्रम सञ्चालनका सम्बन्धमा कर्णाली प्रदेश, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय वा ...................... जिल्ला पूर्वाधार विकास कार्यालय र .............................. नगरपालिका/गाउँपालिका बीच भएको

## समझदारी-पत्र

कर्णाली प्रदेश सरकारको एकीकृत बस्ती विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ बमोजिम एकीकृत बस्ती विकास सम्बन्धी कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि प्रदेश सरकार, प्रदेश सरकारको जिल्लास्थित पूर्वाधार विकास कार्यालय र स्थानीय तहबीचको समन्वय र सहकार्य गरी विकट क्षेत्रमा छरिएर रहेका बस्ती, बाढी, पहिरो लगायतका प्राकृतिक विपदको उच्च जोखिममा रहेका र आफ्नो घरजग्गा नभएका व्यक्तिको संरक्षण, उत्थान एवं सशक्तीकरण गर्दै आधारभूत एवं सुरक्षित आवासको व्यवस्थाका लागि बस्ती विकास कार्यक्रम सञ्चालन गर्न जिल्ला पूर्वाधार विकास कार्यालय (यसपछि “कार्यालय” भनिएको) र ................. गाउँपालिका/नगरपालिका (यसपछि “स्थानीय तह” भनिएको) बीच यो समझदारी पत्र गरिएको छ।

एकीकृत बस्ती विकास कार्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयनमा आ-आफ्नो तहबाट एकीकृत बस्ती विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ (यसपछि “कार्यविधि” भनिएको),

निर्देशक समिति र कार्यक्रम कार्यान्वयन समन्वय समितिले तोके बमोजिमको जिम्मेवारी पूर्ण रुपले निर्वाह गर्न र बस्ती विकास सम्बन्धी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्न हामी दुवै पक्ष यो समझदारी मार्फत प्रतिवद्धता व्यक्त गर्दै यस समझदारीमा उल्लेखित व्यवस्थाको पूर्ण पालना गर्न सहमत भएका छौं।

कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा हामी दुवै सम्झौता-पत्रका पक्षले तपसिलमा उल्लेख भएका विषयहरूलाई पूर्ण पालना गर्नेछौं।

(क) **जोखिमयुक्त बस्ती तथा समुदाय र लाभग्राहीको पहिचानः** कार्यविधिमा उल्लेख भए बमोजिमको आधार र प्रक्रिया बमोजिम जोखिमयुक्त बस्ती तथा समुदाय र लाभग्राहीको पहिचान गर्न जोखिमयुक्त समुदाय तथा बस्ती र बस्ती विकास गरिने स्थानको सम्बन्धमा आवश्यक अध्ययन गर्ने, आफ्नो क्षेत्रभित्र लाभग्राही परिवार र जोखिमयुक्त स्थानको सम्बन्धमा यथार्थ तथ्याङ्क तथा विवरण संकलन गर्ने र त्यस्तो तथ्याङ्क अद्यावधिक गरी राख्नेछौं। त्यस्तो सूचना एक अर्कामा आवश्यकतानुसार विद्युतीय तथा अन्य माध्यमबाट आदान प्रदान गर्नेछौं। त्यस्तो तथ्याङ्कलाई व्यवस्थित गर्नका लागि एक आपसमा सहयोग र सहकार्य गर्दै एकीकृत अनलाईन सूचना प्रणालीको विकास गर्नेछौं।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(ख) **योजना तर्जुमा र स्वीकृतिः** कार्यवधिको दफा ५ बमोजिम एकीकृत बस्ती विकासको योजना तर्जुमा गर्दा दोहोरोपना नपर्ने गरी आवश्यकता र औचित्यको आधारमा आफ्नो क्षेत्रभित्रका नागरिकलाई न्यूनतम आधारभूत आवासको सुविधा प्राप्त गर्ने गरी योजना तर्जुमा गर्नेछौं। योजना तर्जुमा गर्दा दिगो, रोजगारमुलक, लागतप्रभावी, वातावरण तथा विपद् व्यवस्थापन मैत्री र स्थानीय श्रम र स्रोत साधनको अधिकतम उपयोग हुने योजना तर्जुमा र त्यस्ता योजना स्वीकृत गर्नेछौं। आफ्नो क्षेत्रभित्र सम्भावित एकीकृत बस्ती विकास योजनाहरुको आयोजना बैङ्क तयार सहभागितामुलक विधिबाट गर्नेछौं। स्थानीय तहले अन्य योजना छनौट गर्दा एकीकृत बस्ती विकास कार्यक्रमले लिएको उद्देश्य पुरा हुने गरी योजना छनौट गर्नेछौं।

(ग) **योजना कार्यान्वयनः** योजना कार्यान्वयनको सम्बन्धमा कार्यविधिमा उल्लेख भए बमोजिम आफ्नो भूमिका निर्वाह गर्नेछौं। योजना कार्यान्वयन गर्दा कार्यविधिमा उल्लेख भए बमोजिम निर्देशक समिति, कार्यक्रम कार्यान्वयन समन्वय समिति र पूर्वाधार कार्यालयले दिएको निर्देशन र मार्गदर्शनको पूर्ण रुपमा पालना गर्नेछौं।

(घ) **निर्माण सम्बन्धी कार्यः** कार्यविधिमा उल्लेख भए बमोजिम निर्माण सम्बन्धी कार्य गर्दा सहरी विकास तथा भवन निर्माण सम्बन्धी प्रचलित मापदण्डहरूको पूर्ण पालना गर्नेछौं। निर्माणको गुणस्तर कायम गर्न एक आपसमा सहयोग तथा सहकार्य गर्नेछौं।

(ङ) **सहयोग र समन्वयः** पूर्वाधार कार्यालय र स्थानीय तहले कर्णाली प्रदेश सरकारको एकीकृत बस्ती विकास कार्यक्रमका लागि मन्त्रालय, निर्देशक समिति, कार्यक्रम कार्यान्वयन समन्वय समितिबाट भएका निर्णयको कार्यान्वयन गर्न तथा बस्ती विकास कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न आवश्यक सहयोग र समन्वय गर्नेछौं। बस्ती विकास योजना तर्जुमा तथा कार्यान्वयनका सबै चरणमा एक अर्कामा सहयोग र समन्वय गर्नेछौं।

(च) **अनुगमन तथा मूल्याङ्कनः** प्रदेश सरकारबाट सञ्चालित एकीकृत बस्ती विकास कार्यक्रम  मन्त्रालय वा कार्यक्रम कार्यान्वयन समन्वय समिति वा स्थानीय तह वा संयुक्त रुपमा अनुगमन तथा मूल्याङ्कन गर्न सहमत भएका छौं। अनुगमन तथा मूल्याङ्कनका लागि मन्त्रालयले विकास गर्ने अनलाईन अनुगमन तथा मूल्याङ्कन प्रणालीमा तथ्याङ्क तथा विवरणहरु नियमित

आन्तरिक मामिला तथा कानून मन्त्रालय

रुपमा प्रविष्ट गर्नेछौं। अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदन मन्त्रालयमा उपलब्ध गराउनेछौं। कार्यक्रमलाई थप प्रभावकारी बनाउने सम्बन्धमा आवधिक समिक्षा, छलफल तथा अन्तरक्रिया गर्नेछौं। कार्यक्रमको चालु, मध्यावधि र अन्तिम मूल्याङ्कन सहभागितामुलक विधिबाट गर्नेछौं।

(छ) **उत्तरदायित्वः** स्थानीय तह आफैले सञ्चालन गरेको कार्यक्रमको उत्तरदायित्व स्थानीय तहमा रहनेछ। कार्यक्रमको सम्बन्धमा सरोकारवाला प्रति उत्तरदायी र जवाफदेही हुन कार्यक्रम पूर्व, कार्यक्रमको चरण र कार्यक्रम सम्पन्न भए पश्चात सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण गर्नेछौं।

(ज) **बजेट र जनशक्ति व्यवस्थाः** आयोजना कार्यान्वयनका लागि आवश्यक बजेट मन्त्रालयले कार्यविधिमा उल्लेख भए बमोजिम उपलब्ध गराउनेछ। लागत सहभागिता, जग्गा प्राप्ति र बस्ती विकासको कार्य कार्यवधिमा उल्लेख भए बमोजिम गर्नेछौं।

२. **वित्तीय अनुशासन र लेखापरीक्षणः** एकीकृत बस्ती विकास कार्यक्रम कार्यान्वयन सम्बन्धमा भएको खर्चको प्रचलित कानुन बमोजिम लेखाङ्कन गर्ने, फाँटबारी तथा स्रेस्ताको अभिलेख राख्ने र प्रतिवेदन गर्ने तथा लेखापरीक्षण गराउने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ।

३. **प्रतिवेदनः** कार्यक्रम कार्यान्वयनको सम्बन्धमा भएको प्रगति प्रतिवेदन स्थानीय तह र विषयगत कार्यालयले नियमित रुपमा मन्त्रालयमा पठाउनेछन्।

४. **विवाद समाधानः** कार्यक्रम कार्यान्वयनको सम्बन्धमा विवाद उत्पन्न भएमा कार्यविधिमा उल्लेख भए बमोजिमको विधिबाट विवाद समाधान गर्न सहमत भएका छौं। समझदारी पत्र कार्यान्वयनको क्रममा दुविधा भएमा एक अर्कामा छलफल गरेर दुवै पक्षको सहमतिबाट विवाद समाधान गरिनेछ। त्यसरी विवाद समाधान नभएमा प्रचलित कानून बमोजिम हुनेछ।

हामी देहायका पक्षहरूले यस सम्झौताका व्यवस्थाहरूको पूर्ण पालना गर्ने प्रतिवद्धता सहित हस्ताक्षर गरी एक/एक प्रति बुझिलियौं।

| | |
|---|---|
| कार्यालयको तर्फबाट | स्थानीय तहको तर्फबाट |
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |
| मितिः | मितिः |
| कार्यालयको छापः | कार्यालयको छापः |

**<u>रोहवर</u>**

अनुसूची-३

(दफा १७ सँग सम्बन्धित)

**स्थानीय तह र लाभग्राही बीच हुने सम्झौताको ढाँचा**

…………………… गाँउपालिका/नगरपालिका (यसपछि "प्रथम पक्ष" भनिएको) र ……………………… बस्ने …………………. को नाती/नातिनि …………………… को छोरा/छोरी/बुहारी ………………………. को पति/पत्नी वर्ष ……………………. को श्री …………………. (यसपछि "दोस्रो पक्ष" भनिएको) बीच कर्णाली प्रदेश सरकारद्वारा कार्यान्वयन भएको एकीकृत बस्ती विकास कार्यक्रम अन्तर्गत निजी आवास निर्माण गर्ने सम्बन्धमा देहायका शर्तको अधीनमा रही काम गर्न मञ्जुर भई ………………… नगर/गाउँ कार्यपालिकाको कार्यालयमा राजीखुसीले यो सम्झौता पत्रमा हस्ताक्षर गरी एक/एक प्रति लियौं दियौं।

**शर्तहरु:**

१. **कामको विवरण:** प्रथम पक्षले दोस्रो पक्षलाई निर्धारित क्षेत्रमा आवास निर्माणका लागि आवास निर्माण हुने स्थान, आवासको ड्रईङ्ग डिजाईन र लागत अनुमान तयार गरी उपलब्ध गराउनेछ। दोस्रो पक्षले प्राप्त लागत अनुमान र ड्रइङ्ग, डिजाइनका आधारमा यो सम्झौता भएको मितिले पन्ध्र दिनभित्र आवास निर्माणको कार्य सुरु गर्नु पर्नेछ।

२. **प्राविधिक सेवा तथा परामर्श:** प्रथम पक्षले आवास निर्माणका लागि आवश्यक पर्ने प्राविधिक सेवा तथा परामर्श दोस्रो पक्षलाई

उपलब्ध गराउनेछ। दोस्रो पक्षले आवास निर्माणको सम्बन्धमा प्रथम पक्षले दिएको सल्लाह तथा निर्देशनको पुर्ण रुपमा पालना गर्नु पर्नेछ।

३. **निर्माण कार्य सुरु गर्नु पर्नेः** दोस्रो पक्षले सम्झौता भएको एक महिनाभित्र आवासको डि.पि.सि. तहको काम (यसपछि "पहिलो चरणको काम" भनिएको), दुई महिनाभित्र घर निर्माणको प्रारम्भिक कार्य सम्पन्न (यसपछि "दोस्रो चरणको काम" भनिएको) र तीन महिनाभित्र घर निर्माणको सम्पूर्ण कार्य सम्पन्न (यसपछि "तेस्रो चरणको काम" भनीएको) गरी फरफारकका लागि कार्यालयमा पेश गरी सक्नु पर्नेछ।

४. **रकम भुक्तानीः** प्रथम पक्षले दोस्रो पक्षलाई प्राविधिक प्रतिवेदन, वडा कार्यालय र नगरपालिका स्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिको सिफारिस र कार्यप्रगतिको अवस्था देखिने गरी लिएको तस्वीरको आधारमा पहिलो चरणको काम सम्पन्न भएपछि सम्झौता रकमको पच्चीस प्रतिशत रकम, दोस्रो चरणको काम सम्पन्न भएपछि पचास प्रतिशत र तेस्रो चरणको काम सम्पन्न भएपछि बाँकी पच्चीस प्रतिशत रकम बैङ्क खाता मार्फत भुक्तानी गर्नेछ।

५. **तोकिएको प्रयोजनको लागि उपयोग गर्नु पर्नेः** प्रथम पक्षलाई दोस्रो पक्षले आवास निर्माण कार्य सम्पन्न भएपछि आवास हस्तान्तरण प्रमाण पत्र सहित आवास हस्तान्तरण गर्नेछ। यस

सम्झौता बमोजिम बनाईएको आवासमा दोस्रो पक्षको परिवारले आवास प्रयोजनको लागि मात्र उपयोग गर्न पाउनेछ। तर दोस्रो पक्ष वा निजको परिवारको सदस्यले सानातिना व्यापार व्यवसाय र उद्यम सञ्चालन गर्न भने यस बुँदाले बाधा पर्ने छैन।

६. **बेचविखन गर्न नपाइनेः** दोस्रो पक्षलाई हस्तान्तरण गरिएको जग्गा तथा आवास हस्तान्तरण गरिएको मितिले पन्ध्र वर्ष सम्म कुनै पनि कारणबाट बिक्रि वितरण तथा हक हस्तान्तरण गर्न पाइने छैन।

७. **कारबाही हुनेः** दोस्रो पक्षले बस्ती विकास कार्यक्रमबाट लाभान्वित हुने उद्देश्यले झुटठा विवरण पेश गरेमा वा झुट्ठा व्यहोरा सिफारिस गरेको ठहर हुन आएमा प्रथम पक्षले त्यस्तो कार्यमा संलग्न व्यक्तिलाई प्रचलित कानून बमोजिम कारबाहीका लागि सिफारिस गरी पठाइनेछ। झुट्टा विवरण वा सिफारिसका आधारमा प्राप्त गरेको जग्गा तथा आवास जफत गरिनेछ।

८. **जिम्मेवार हुनेः** आवास निर्माणको गुणस्तर कायम गर्ने र समयमा सम्पन्न गर्ने सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षको हुनेछ।

९. **विवाद समाधानः** सम्झौताको कार्यान्वयनमा कुनै विवाद उत्पन्न भएमा आपसी सहमतिबाट समाधान गरिनेछ। त्यसरी विवाद समाधान नभएमा प्रचलित कानून बमोजिम हुनेछ।

१०. **सम्झौताको अवधिः** यो सम्झौताको अवधि मितिः .................. देखि ....................... सम्म बहाल रहनेछ।

| **स्थानीय तहको तर्फबाट,** | **लाभग्राहीको तर्फबाट,** |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |
| मितिः | मितिः |
| कार्यालयको छापः | कार्यालयको छापः |

**<u>साक्षीः</u>**

| | |
|---|---|
| ............. | ............. |
| नामः | नामः |
| पदः | पदः |
| मितिः | मितिः |

ईति सम्वत.........साल.............महिना..........गते रोज.........शुभम्

स्वीकृत मितिः २०७८/१०/१२

आज्ञाले,
आनन्द सारु
प्रदेश सरकारको सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित

आन्तरिक मामिला तथा कानून मन्त्रालय